हरिवन शाखा
हरिवन-११, सर्लाही।

**नेपाल बैंक लिमिटेड, हरिवन शाखा कार्यालय परिसरभित्र तोकिएको स्थानमा रहेका पूराना मालसमानहरु लिलामी गर्नका सिलबन्दी दरभाउपत्र आहवानको सुचना**

(प्रथम पटक प्रकाशित मिति २०८३/०६/०१)

नेपाल बैंक लिमिटेड, हरिवन शाखा कार्यालय परिसर भित्र तोकिएको स्थानमा एकत्रित गरी राखिएको तपसिल बमोजिमका पुराना मालसामानहरु जे जस्तो अवस्थामा छन सोही अवस्थामा सिलबन्दी दरभाउपत्र बाट लिलामबिक्री गर्नुपर्ने भएकोले इच्छुक खरिदकर्ता (व्यक्ति वा संस्था) बाट यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म सिलबन्दी दरभाउपत्र पेश गर्नको लागी यो सूचना आहवान गरिएका छ । सिलबन्दी दरभाउपत्र कबोल हुने रकममा लिलाम स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस बैंकमा निहित रहनेछ। यससम्बन्धी थप जानकारीको लागि कार्यालय समयभित्र नेपाल बैंक लिमिटेड, हरिवन शाखामा सम्पर्क राख्नूहून सूचित गरिन्छ ।

तपसिल:

| क्र.सं. | सामानको बिबरण | परिमाण |
|---|---|---|
| १ | ग्रिल गेट | १ थान |
| २ | दराज | ३ थान |
| ३ | रिभल्भिङ्ग कुर्ची | ५ थान |
| ४ | फलामको र्याक | १ थान |
| ५ | सिलिङ्ग पंखा | १ थान |
| ६ | आल्मुनियम पार्टिसन | २ सेट |
| ७ | ए.सी. (AC) | ३ थान |
| ८ | Wall fan | ५ थान |
| ९ | केज | १ सेट |

१) उपरोक्त सामानहरुको न्यूनतम (बिक्री) मूल्य रु.१२८,५००। भन्दा कम रकममा सिलबन्दी दरभाउपत्र स्वीकार गरिने छैन । सिलबन्दी दरभाउपत्र मार्फत सामानहरु एकमुष्ट रुपमा लैजानूपर्नेछ।

२) उल्लेखित मालसमानको सबैको एकमुष्ट सबैभन्दा बढि रकम बोलकबोल गर्ने व्यक्ति वा संस्थालाई बैंकको निर्णय अनुसार मालसमान उपलब्ध गराउन सकिनेछ ।

३) सिलबन्दी दरभाउपत्र गर्ने व्यक्ति वा संस्थाले नै सो सरसमानहरु ओसार पसार,लोड ,अनलोड, लेवरचार्ज तथा अन्य केही खर्च भए सो समेत कबोल गर्ने पक्षले नै व्यहोर्नु पर्दछ ।

४) सिलबन्दी दरभाउपत्र कार्यमा संलग्नहूने इच्छुक खरिदकर्ता व्यक्तिले आफनो नेपाली नागरिकताको सक्कल प्रमाणपत्र र संस्थाले PAN प्रमाणपत्र, कम्पनी दता प्रमाणपत्र (नविकरण म्याद समाप्त नभएको), आ.ब. २०८२/०८३ को कर चूक्ता प्रमाणपत्र तथा संचालकको नेपाली नागरिकताको सक्कल प्रमाणपत्र बैंकमा पेस गर्नुपर्नेछ ।

५) सिलबन्दी दरभाउपत्र खुल्ने स्थान र मिति : नपाल बैंक लिमिटेड, हरिवन शाखा, मितिः २०८३/०६/१६ गते दिनको १:०० बजे र सो दिन सार्वजनिक विदा परेमा सो पछाडिको पहिलो कार्य दिन कार्यालय समयमा।